बैठक संख्या : ०७

आज मिति २०८१।०९।०४ गतेका दिन रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय : बिहान ०९:०० बजे

स्थान : कार्यपालिका बैठक कक्ष ,

उपस्थिति

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिनादेवी गौतम | |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोतीप्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरीप्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरीकला बराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धीमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री लक्ष्मण पाण्डे | |

बैठक संचालन सहयोगी

| | |
|---|---|
| ना.सु. श्री रामप्रसाद ज्ञवाली | |
| ना.प्रा. श्री नरेन्द्र वि.क. | |
| [illegible] श्री हरि प्रसाद चौपाने | |
| [illegible] श्री दिपक श्रेष्ठ | |

**मिति २०८१ पुस ४ गतेको सातौं कार्यपालिका बैठकका प्रस्तावहरु:**

१. यसभन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

२. माघे संक्रान्ती मेला, २०८१ संचालन सम्बन्धमा ।

३. इलाका प्रशासन कार्यालय, रिडीमा स्थापनाको लागि गृह मन्त्रालयमा अनुरोध गर्ने सम्बन्धमा ।

४. एकिकृत घुम्ती शिविरको समिक्षा सम्बन्धमा ।

५. रकम विनियोजन तथा भुक्तानी सम्बन्धमा ।

६. स्केटिङ्ग पार्क दर्ताको लागि शुल्क निर्धारण सम्बन्धमा ।

७. सहकारी संस्था एकिकरण कार्यविधि, २०८१ जारी गर्ने सम्बन्धमा ।

८. औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धमा ।

९. गाउँ शिक्षा योजना लेखन कार्यदल गठन गर्ने सम्बन्धमा ।

१०. रोजगार सहायक पदपुर्ति सम्बन्धमा ।

मिति २०८१/०९/०४ गतेको सातौ गाउँकार्यपालिका बैठकका निर्णयहरु:

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्थाबारे छलफल तथा समीक्षा गरियो । निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | रुरुक्षेत्र गाउँपालिकाको वडा नं. १ रिडीमा हरेक बर्ष माघे संक्रान्ती मेला संचालन हुने गरेकोमा यस बर्षको मेला व्यवस्थापनको लागि गुल्मी उद्योग बाणिज्य संघ, शाखा कार्यालय, रिडी, रुरु फ्रेण्ड्स क्लब, फ्रेण्ड्स क्लब र रुरु टोल विकास संस्थाले संयुक्त रुपमा आयोजना गर्न अनुरोध गरेबमोजिम_उक्त संस्थाहरुले मेला संचालन बापत गाउँपालिकालाई रु. ३ लाख रकम राजस्व रकम बुझाउने, मेलामा गाउँपालिकाले संचालन गर्ने कृषि मेला प्रर्दशनीको लागि आवश्यक पर्ने स्टल संस्थाहरुले निर्माण गरिदिने, मेला संचालनको लेखापरिक्षण गराई सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने तथा सामाजिक उत्तरदायीत्व वहन गर्दै आम्दानी रकमबाट सामाजिक कार्यहरु गर्ने साथै मेलामा जुवाजन्य खेल खेलाउन नपाउने लगायतका शर्तहरु राखी कार्यालयबाट संझौता गराई माघे संक्रान्ती मेला-२०८१ संचालनको अनुमति प्रदान गर्ने । |
| ३. | संघियता कार्यान्वयन सँगै जनताले छिटो छरितो, सरल र मितव्ययी ढंगले सरकारी सेवाको पहुँचमा आएका छन् । गुल्मी जिल्लामा जिल्ला प्रशासन कार्यालय, तम्घास बाट मात्र नागरिकता, पासपोर्ट लगायतका सेवा उपलब्ध भएकोमा जिल्लाको पूर्वी भाग कालीगण्डकी गाउँपालिका, सत्यबती गाउँपालिका, रुरुक्षेत्र गाउँपालिका र छत्रकोट गाउँपालिकाका जनताहरुले सदरमुकाममा सेवा लिन जाँदा बढी समय लाग्ने गरेको छ । रुरुक्षेत्र गाउँपालिकाको वडा नं. १ रिडी बजार उक्त क्षेत्रको विच भागमा अवस्थित रहेको, जिल्ला प्रवेशद्वारको मुख्य नाका समेत भएको साथै कालीगण्डकी करिडोर, मदन भण्डारी राजमार्ग, रिडी वलकोट सडक रिडीबजार हुँदै जाने भएकोले सरल र सहज ढंगले नागरिकहरु सडकको पहुँचमा भएको हुँदा रिडी सबै नागरिकलाई पायक पर्ने क्षेत्र रहेको, इलाका प्रहरी कार्यालय समेत यस क्षेत्रमा संचालनमा रहेको, उक्त स्थानमा हाल रुरु प्राथमिक स्वास्थ्य केन्द्रको सेवा प्रदान भईरहेकोमा उक्त सेवालाई रातामाटामा निर्माण भैरहेको १५ शैय्याको अस्पतालमा स्थानान्तरण गर्ने कार्यक्रम गाउँपालिकाको रहेकोले उक्त रुरु प्राथमिक स्वास्थ्य केन्द्रको भवन खाली हुने हुँदा हाल संचालनमा रहेको रुरु प्राथमिक स्वास्थ्य केन्द्रको भवन, रुरुक्षेत्र-१, रिडीबाट कालीगण्डकी, सत्यवती, रुरुक्षेत्र र छत्रकोट गाउँपालिकाको जनताहरुलाई सेवा उपलब्ध गराउने गरी इलाका |

| | |
|---|---|
| | प्रशासन कार्यालयको स्थापना तथा संचालनको लागि जिल्ला प्रशासन कार्यालय, गुल्मी मार्फत गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंमा सिफारिस गर्नको लागि अनुरोध गर्ने । साथै रिडीमा इलाका प्रशासन कार्यालय स्थापनाको लागि कालीगण्डकी, सत्यवती र छत्रकोट गाउँपालिकासँग सहमति माग गर्ने । |
| ४. | गाउँपालिकाबाट मिति २०८१ मंसिर १६ गते देखी २१ गतेसम्म सबै वडा कार्यालयहरुमा गई एकिकृत घुम्ती सेवा संचालन गरिएकोमा उक्त एकिकृत घुम्ती सेवाको समिक्षा गरियो । घुम्ति सेवाबाट १३३६ जना नागरिकहरुले सेवा लिएको हुँदा आगामी दिनमा संचालन हुने घुम्ति सेवालाई वडा कार्यालयले अभियानको रुपमा सबै नागरिकको पहुँचमा पुऱ्याउन आवश्यक प्रभावकारी व्यवस्था मिलाउने । |
| ५. | देहायका शिर्षकमा रकम विनियोजन गरी भुक्तानी गर्ने ।<br>(क) रुरु प्रहरी चौकी, वडा नं. ४ को विद्युत पानीको महसुल रु. १३ हजार । (पानी तथा विजुली शिर्षकबाट भुक्तानी गर्ने)<br>(ख) लामाचौपारी खा.पा.,वडा नं. १ को रु. ९९,४१०/-(विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने)<br>(ग) अविरल बर्षाको कारण पहिरो जादा साखा मस्यौदी तल्लो कुलोमा क्षति भएकोले उक्त साखा मस्यौदी तल्लो कुलो मर्मतको लागि विपद् व्यवस्थापन कोषबाट रु. ९५ हजार विनियोजन गर्ने ।<br>(घ) अविरल बर्षाको कारण बम्धाकोटमा पुजेरी बस्ने घर भत्केको हुँदा उक्त घर मर्मतको लागि लागत अनुमान अनुसारको बजेट विपद् व्यवस्थापन कोषबाट विनियोजन गर्ने ।<br>(ङ) असीमुरे सिंचाई कुलो अबिरल बर्षाको कारण क्षति भएको हुँदा उक्त कुलो मर्मतको लागि लागत अनुमान अनुसारको बजेट विपद् व्यवस्थापन कोषबाट विनियोजन गर्ने । |
| ६. | आर्थिक ऐन, २०८१ मा मनोरञ्जनात्मक कृयाकलाप अन्तगर्तत स्केटिङ्ग पार्क दर्ताको लागि शुल्क निर्धारण नभएको हुँदा आगामी गाउँ सभाबाट आर्थिक ऐन संशोधन गर्ने गरी स्केटिङ्ग पार्क दर्ताको लागि शुल्क रु. ५ हजार निर्धारण गरी आवश्यक प्रकृया पुरा गरी दर्ता गर्ने । |

CamScanner

<table>
<tr><td>७.</td><td>सहकारी संस्थाहरुलाई सबल, सक्षम र प्रभावकारी रुपमा संचालन गर्दै आर्थिक विकास गर्ने उद्देश्यले तयार गरीएको सहकारी संस्था एकिकरण कार्यविधि, २०८१ जारी गर्ने ।</td></tr>
<tr><td>८.</td><td>मृगौला प्रत्यारोपण, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधिउपचार बापतखर्च उपलब्ध गराउने सम्बन्धीकार्यविधि, २०७८ बमोजिम गाउँपालिकास्तरीय आर्थिक रुपले विपन्न नागरिकहरुलाई औषधी उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि सिफारिस गर्न गठित समितिको सिफारिसको आधारमा देहायका व्यक्तिलाई मासिक रुपमा रु. ५,०००/- (अक्षरुपी पाँचहजार) उपलब्ध गराउने ।<br>देहाय:
<table>
<tr><th>क.सं.</th><th>नाम थर</th><th>ठेगाना</th><th>रोगको किसिम</th><th>ना.प्र.प.नं.</th><th>लागु हुने मिति</th></tr>
<tr><td>१.</td><td>टिका धरा दर्लामी</td><td>रुरुक्षेत्र-६</td><td>क्यान्सर</td><td>१३०६२</td><td>२०८१ पौष १</td></tr>
<tr><td>२.</td><td>हरि प्रसाद ज्ञवाली</td><td>रुरुक्षेत्र-५</td><td>क्यान्सर</td><td>४४९४३</td><td>२०८१ पौष १</td></tr>
</table></td></tr>
<tr><td>९.</td><td>गाउँ शिक्षा योजना निर्माणको कार्ययोजना स्वीकृत गरी देहाय अनुसार योजना लेखन कार्यदल गठन गर्ने र कार्यदलले कार्ययोजना बमोजिम योजना निर्माण गरी कार्यपालिकामा पेश गर्ने ।<br>देहाय:<br>संयोजक: श्री शेषनारायण पौडेल (संयोजक, सामाजिक विकास समिति)<br>सदस्य: श्री हरि प्रसाद ज्ञवाली (प्रबक्ता)<br>सदस्य: श्री बुद्धिमति लामिछाने (कार्यपालिका सदस्य)<br>सदस्य: श्री मिन प्रसाद ज्ञवाली (रुरुक्षेत्र-५)<br>सदस्य-सचिव: श्री तेज बहादुर कुमाल (शिक्षा शाखा)</td></tr>
<tr><td>१०.</td><td>रोजगार सहायक पद रिक्त भएकोले नियमानुसार करार सेवामा कर्मचारी पदपूर्ति गर्ने ।</td></tr>
</table>

CamScanner